**निर्णय नं. १ :**
स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा १३ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था बमोजिम कैलाली जिल्लाको आ.व.०७५/०७६ को स्वीकृत दररेट (जिल्ला दररेट समितिबाट मिति २०७५।४।१० मा स्वीकृत) समेतलाई आधार मानी गोदावरी नगरपालिकाको आ.व.०७५।०७६ को न्यूनतम दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**
गोदावरी नगरपालिकाको वडा नं. १ र २ का मुख्य वजार क्षेत्र र सोको आसपासको टोल, बस्तीको फोहरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारी अवधारण अनुसार गर्ने गरी स्थानीय स्तरको पत्रिकामा सुचना प्रकाशित भएकोमा प्राप्त हुन आएका प्रस्ताव मध्ये मातृभुमि समाज नेपाल, चन्द्रागिरी –११ काठमाडौको प्रस्ताव उपयुक्त देखिएकोले देहायको क्षेत्र र शुल्क तोकि फोहरमैला व्यवस्थापनको सम्झौता मातृभुमि समाज नेपाल, चन्द्रागिरी –११ काठमाडौ (मिति २०७५/५/१ देखि लागु हुने गरी मिति २०७६/३/३२ सम्मका लागि) संग गर्ने निर्णय गरियो ।

१। **क्षेत्र :**
क) गोदावरी नगरपालिका वडा नं. १ को अत्तरिया चोक देखि दक्षिण धनगढी राजमार्गको मनेहरा पुल सम्मको राजमार्गसंग जोडिएको टोलबस्ती र वडा नं. १ को मुख्य बजार क्षेत्र र आसपासका बस्तीहरु पुरै,
ख) गोदावरी नगरपालिका वडा नं. १ को अत्तरिया चोक देखि पुर्व गौरीगंगा नदी सम्मको राजमार्गसंग जोडिएको टोलबस्ती,
ग) गोदावरी नगरपालिका वडा नं. २ को अत्तरिया चोक देखि उत्तर डडेल्धुरा राजमार्गको तेघरी ब्यारेक भएको स्थान सम्मको राजमार्गसंग जोडिएको टोलबस्ती र वडा नं. २ को मुख्य बजार क्षेत्र र आसपासका बस्तीहरु पुरै,
घ) गोदावरी नगरपालिकाको अत्तरिया चोक देखि पश्चिम महेन्द्रनगर सडकको दायाँ बायाँ गोदावरी नदी सम्मको राजमार्गसंग जोडिएको र भित्रको बस्तीहरु पुरै,

२। **शुल्क :**
नगर कार्यपालिकाको निर्णय अनुसार फोहरमैला व्यवस्थापन बापत मातृभुमि समाज नेपाल, चन्द्रागिरी –११ काठमाडौले देहाय बमोजिम फोहरमैला व्यवस्थापन शुल्क लिन पाउने छ ।
क) दर्ता शुल्क रु. १५०/- (एक पटकका लागि मात्र)
ख) मासिक शुल्क रु. १००/- (आवासीय घर)
ग) मासिक शुल्क रु. २५०/- (व्यापारिक प्रयोजनको घर, पसल र टहरा समेत)
घ) माथि बुदा (ख) र (ग) मा उल्लिखित बाहेकको अवस्थामा फोहरमैलाको प्रकृति र मात्रा हेरी दोश्रो पक्ष र सम्बन्धित पक्षको आपसी समझदारीमा शुल्क निर्धारण गर्नुपर्ने ।